श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले नेपाल मुद्रा ऐन, २०१९ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नेपालमा मुद्रा उत्पादन संस्थाको यान्त्रिकरणको यस वर्ष ५० वर्ष पुगेको स्वर्णजयन्तीको उपलक्ष्यमा निम्न डिजाइन, नाप र तौलको मुद्रा श्री ५ को सरकार अर्थ मन्त्रालय टक्सार तथा नापतौल विभागबाट टकमरी गराई निष्काशन गर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ ।

मुद्रा :– रू. ५०।–

एकापट्टि :– घेरामा चौंसट्ठी थोप्लामाथि "श्री भवानी" त्यसको मुनि बायाँ "रू. ५०" बायाँ "नेपाल" बीचमा टक्कल मेशीन त्यसको मुनि "१९८९–२०३९" र तल "टक्सार यान्त्रिकरण स्वर्णजयन्ती ।"

अर्कोपट्टि :– श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव नामाङ्कित २०३९ भएको चलन चल्तीको डबल सरह ।

धातु :– ४० चाँदी ६० अन्य ± १% घटी बढी ।

डाइमिटर :– ३६ मी. मी.

तौल :– १५ ग्राम ± २%

घेरा :– धर्सो भएको

अधिकतम छाप्ने संख्या :– ४० हजार ।

आज्ञाले,

लोकबहादुर श्रेष्ठ

श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले आयकर ऐन, २०३१ (संशोधनसहित) को दफा ४२ को उप-दफा (३) ले दिएको अधिकार प्रयोग गरी शाही नेपाल वायुसेवा निगमका पाइलटहरूले पाउने लस अफ लाइसेन्स बीमा र उडान भत्ता बापत पाउने रकममा आर्थिक वर्ष २०३९।४० देखि पूर्ण रूपमा आयकर नलाग्ने गरी छूट दिइएको छ ।

आज्ञाले,

लोकबहादुर श्रेष्ठ

३९८

श्री ५ को सरकारको का.मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।